ओमसतिया गाउँपालिका
Omsatiya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हाटी फर्सातिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

प.सं. / Ref No.
च.नं. / Dispatch No.

## विषय :-गहुँको वीउ खरिदका लागी शिलबन्दी बोलपत्र सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७८।०५।१४**

यस गाउँपालिकाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ३० प्रतिशत अनुदानमा उन्नत गहुँको वीउ वितरण गर्ने कार्यक्रम रहेकोले उक्त गहुँको वीउ खरिदको लागी ईजाजत प्राप्त वीउ विजन कम्पनीहरुका लागी यो ३० दिने (मिति २०७८ असोज १२ गते) सम्म सूचना प्रकासित गरिएको छ । ऐन कानुनको परिधि भित्र रहि ईच्छुक कम्पनीहरुले निम्न शर्तको पालना गरी तोकिएको म्याद भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकासित गरिएको छ ।

**तपशील :**

| ठेक्का नं. | विवरण | जात | अधिकतम लागत अनुमान प्रति के.जी .मूल्य रु. | जम्मा लागत | धरौटी रकम |
|---|---|---|---|---|---|
| ORM/GOODS/AG-04/078-079 | गहुँको वीउ (उन्नत) | नेपाल सरकारबाट तराई क्षेत्रका लागी सिफारिस जात, कृषकको माग बमोजिम । | ७५ | ५०,००,००० | २५०,००० |

**शर्तनामा**

१. आ.व. २०७७/७८ को आयकर चुक्ता प्रमाण पत्र/म्याद थप /आ.व. २०७६/०७७ का कर चुक्ता प्रमाणपत्र, कम्पनी इजाजत प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्र प्रतिलीपी संलग्न राखि पेश गनुपर्नेछ ।

२. शिलबन्दी बोलपत्र सम्बन्धी कागजात रु. ५०००।- को नगदी रसिद लिइ कार्यालयको कृषि शाखा बाट प्राप्त गर्न सकिने छ । बोल पत्र पेश गर्दा उक्त नगदी रसिद सक्कलै संलग्न गरी पेश गर्नु पर्नेछ ।

३. कम्तिमा ५ वर्ष वीउ विजन विक्रीवितरण सम्बन्धी अनुभव प्राप्त गरेको ।

४. दरभाउ वीउको जात अनुसार मूल्य अंक र अक्षरमा खुलाउन पर्नेछ । यदि अंक र अक्षरमा फरक परेकोमा अक्षरमा उल्लेख भएको लाई आधिकारीक मानिनेछ ।

५. आपुर्ति कर्ताले वीउको गुणस्तरमा त्यस्तो कुनै जनगुनासो आएमा स्वयम आपुर्ति कर्ता नै जिम्मेवार रहनेछ ।

६. प्राप्त शिलबन्दी बोलपत्र प्रथमपटक प्रकाशित मितिले ३१ औ दिनको दिउसो १२ बजे सम्म यस कार्यालयमा पेश गर्नुपर्नेछ ।सो दिन सार्वजनिक विदा परेमा अर्को दिन सोही अनुसारको समयमा कार्यालयमा पेश गनेपर्नेछ ।

७. प्राप्त शिलबन्दी बोलपत्रहरु ३१ औं दिनको दिउसो २ बजे खोलिनेछ ।

८. यस सम्बन्धी कुनै विवाद उत्पन्न भएमा स्विकृत गर्ने /नगर्ने अधिकार यस कार्यालयलाई रहनेछ ।

९.सूचनामा उल्लेखित नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद (चौथो संशोधन ) नियमावली २०७३ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०. बोलपत्र रकमको ५ प्रतिशतले हुन आउने रकम रु २,५०,००० (दुई लाख पचास हजार) धरौटी स्वरुप यस गाउँपालिकाको एनएमवि बैंक लिमिटेड, ठुटिपिपल, शाखामा रहेको धरौटी खाता - ग ३ धरौटी खाता, ओमसतिया गाँउपालिका खाता नं. ०४०००५७७६४५०००४७ मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ ।

११. कार्यालय प्रमुखको सहीछाप नभएको, म्याद नाघी आएको, अन्य कानून बमोजिम रीत नपुगेको बोलपत्रलाई मान्यता दिईने छैन ।

१२. बोलपत्र सम्बन्धी अन्य थप जानकारी लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न वा ९८४७०३९४५० वा ९८४७३१२७८६ मा फोन गरी थप जानकारी लिन सकिने छ ।

दुर्गा पौडेल
२०७८/०५/१४